# बलवा नगरपालिका एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८१

१. प्रस्तावनाः बलवा नगरपालिका भित्र, खासगरी स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुंच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) का अधिकार प्रयोग गरी बलवा नगरपालिकाले मिति २०८१/०७/२१ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद-१ (एक)

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०८१" रहने छ ।

ख) यो निर्देशिका नगरकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "एम्बुलेन्स" भन्नाले विरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन संम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

घ) नगरपालिका" भन्नाले बलवा नगरपालिकालाई सम्झनु पर्छ ।

ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

च) "सेवा" भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः

१. एम्बुलेन्स सेवा सञ्चालनमा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेका एक नगर एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

क. नगरपालिका प्रमुखः संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीः सदस्य

ग. एम्बुलेन्स रहेको सम्बन्धित वडाको वडाध्यक्षः सदस्य

घ. कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधत्व हुनेगरी कार्यपालिकाले चयन गरेको २ जना सदस्यः सदस्य

ङ. स्वास्थ्य शाखा प्रमुखः- सदस्य सचिव

४. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिः

१. नगरपालिकाले खरिद गरी नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गरी स्वास्थ्य संस्थाले संचालन गर्ने हकमा देहायको एक एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछ।

क) सम्बन्धित स्वास्थ्य संस्थाको स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको अध्यक्षः- संयोजक

ख) सम्वन्धित वडाको महिला वडा सदस्यः- सदस्य

ग) सम्वन्धित वडाको सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका (१जना)- सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख/प्रतिनिधिः- सदस्य

ङ) स्वास्थ्य संस्थामा कार्यरक्त कर्मचारीहरु मध्ये ( १ जना) – सदस्य

च) स्वास्थ्य संस्था प्रमुखः- सदस्य सचिव

२. उपदफा (१) बमोजिम कुनै संघसंस्थालाई हस्तान्तरण भएमा सो संस्थासंग नगरपालिकाले आवश्यक संझौता गरी हस्तान्तरण गर्नेछ ।

३. उपदफा (१) बमोजिमको संचालन तथा व्यवस्थापन समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेका मानिनेछ ।

४. समितिका बैठक आवश्यकता अनुसार वस्नेछ । समितिका बैठक भत्ता नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

५. समितिका बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिका काम कर्तव्य र अधिकार :

(१) समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) एम्बुलेन्स सेवाका वारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

ग) जिल्लास्तरमा एम्बुलेन्स सम्वन्धी दररेट निर्धारण गर्ने निकायको सिफारीस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने।

घ) सरोकारवाला तथा अन्य संघहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा वारे समिक्षा बैठक गर्ने ।

ङ) नगर पालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

CamScanner

च) बलवा नगरपालिका अन्तर्गत बसोवास गर्ने सेवाग्राही, नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने/नदिने निर्णय गर्नेछ ।

६. एम्बुलेन्स संचालन तथा व्यस्थापन समितिका काम कर्तव्य र अधिकार :

(१) समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारका आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने। बारम्वार आचरण उलंघन गरेमा आवश्यकता अनुसार करार संझौता रद्द गर्ने ।

ख. एम्बुलेन्स सेवाका वारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

ग. चालकले अनुसुची १ बमोजिम सेवा शुल्क लिई बैंकमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिका सदस्य सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षका जेष्ठ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) बलवा नगरपालिका अन्तर्गत बसोवास गर्ने सेवाग्राही, नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने/नदिने निर्णय गर्नेछ ।

७. सेवा शुल्क सम्बन्धी व्यवस्था :

१. एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसुची २ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ ।

२. एम्बुलेन्स सेवा वापत उठेका रकम दफा ३ को उपदफा (१) बमोजिम संचालन हुने भएमा जुन संस्थालाई हस्तान्तरण गरिएको हो सोही संस्थाले एक अलग बैंक खाता/कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

३. सेवा शुल्क वापत लिइने रकमको असुलीका लागि स्वास्थ्य संस्था/ अस्पतालले नगदी रसिद छपाई उपलब्ध गराउने छ। नगदि रसिदको अभिलेख/नियन्त्रण खाता स्वास्थ्य संस्था/अस्पतालमा राखिनेछ। रसिदको नियन्त्रण गर्ने जिम्मेवारि स्वास्थ्य संस्था/अस्पतालको प्रमुखको हुनेछ।

४. सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

८. चालकको नियुक्ति र सेवा सुविधा :

२. एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले एक जना योग्यता चालक सेवा करारमा नियुक्ति गर्नेछ।

मालती जानकी कौशिला

CS CamScanner

३.चालकको योग्यता देहाय बमोजिम हुनेछ।

क. सवारी चालक प्रमाण पत्र लिएको

ख. सवारी चालकको रुपमा न्युनतम एक वर्ष अनुभव प्राप्त गरेको।

ग. २१ वर्ष उमेर पुरा गरेको

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको

ङ. उच्च नैतिक चरित्र भएको

४.एम्बुलेन्स चालकको नियुक्ती गर्न देहाय बमोजिमको पदपुर्ति समिति रहनेछ।

क. प्रमुख प्रशासकिय अधिकृतः- संयोजक

ख. स्वास्थ्य शाखा प्रमुखः- सदस्य

ग. अधिकृत स्तरका कर्मचारी (१ जना) – सदस्य

घ. प्रशासन शाखा प्रमुखः- सदस्य सचिव

५. पदपुर्ति समितिको काम, कर्तव्य, अधिकार तथा एम्बुलेन्स नियुक्ती प्रक्रियामा देहाय बमोजिम हुनेछ।

क.एम्बुलेन्स चालकको नियुक्तीको लागि १ हप्ताको सुचना प्रकाशन गर्ने।

ख.म्याद भित्र प्राप्त आवेदन मध्ये दफा ७ को उपदफा १ बमोजिम योग्यता भएका आवेदनहरुको छोटो सूची तयार गर्ने।

ग. पदपुर्ति समितिले २० पूर्णाङ्कको अन्तरवार्ता लिई उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई एम्बुलेन्स चालकको रुपमा नियुक्त गर्ने।

६.चालकको पारिश्रमिक संझौतामा उल्लेख भए वमोजिम हुनेछ ।

७.उपदफा ६ बमोजिम चालकको पारिश्रमिक दिदा कोषको रकमवाट दिनु पर्ने हुन्छ। कोषको रकम अपुग भएमा पालिकावाट व्यवस्था गर्नुपर्ने हुन्छ।

८.चालकको रु. ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ। बीमाका प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिमको कोषवाट बेहोरिनेछ ।

९.चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची ३ बमोजिम हुनेछ ।

१०. चालकले एम्बुलेन्स प्रयोगको लगबुक अनुसुची -१ बमोजिमको ढाँचामा राखु पर्दछ।

११. चालकले बिरामी पर्याउदा १ ट्रिपमा उठेका दस्तुरको १०% प्रोत्साहन भत्तावापत दिइनेछ।

१२. चालकलाई संचालक समितिको निर्णयले थप अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

९.एम्बुलेन्स सन्चालन कोष :

१.एम्बुलेन्सको नियमित मर्मत सम्भार तथा कर्मचारीको तलब भत्ताको व्यवस्था गरि एम्बुलेन्सको नियमित सन्चालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्बुलेन्स सन्चालन कोष खडा गरिनेछ ।

२.उपदफा (१) बमोजिम खडा गरिने एम्बुलेन्स सन्चालन कोषमा देहाय बमोजिमको रकम समेत जम्मा गरिनेछ।

क. सेवा उपभोग गर्ने व्यक्ति वा संघसंस्थाबाट प्राप्त सेवा शुल्क बापतको रकम,

ख. भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा बापत प्राप्त रकम,

ग. नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट एम्बुलेन्स सन्चालनका लागि प्राप्त रकम,

घ. अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम आदी ।

१०. कोषको संचालन र उपयोग :

१.एम्बुलेन्स सन्चालन कोष प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

२.सो कोषको संचालन, एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ । कोषको कारोबार गर्दा एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा कोषको कारोबारको लागी गणपुरक संख्या पुगेका मानिनेछ ।

३.कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिद तथा संचालक समितिको बैठकमा खर्च गरिनेछ ।

४.उपदफा ५ मा जेसुकै लेखिए तापनि दफा (३) को उपदफा (१) को समितिले आवश्यक परेमा अरु शिर्षकमा पनि खर्च गर्न सकिन्छ।

११. लेखा र लेखा परिक्षण :

१.एम्बुलेन्स सन्चालन कोषको आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन ऐन तथा नियामावली अनरुप राखिनेछ।

२.एम्बुलेन्स सन्चालन कोषको आम्दानी र खर्च हिसाब महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखापरिक्षणबाट सालवसाली रुपमा लेखापरिक्षण गराईनेछ ।

१२. विबादको समाधान :

१.एम्बुलेन्स सन्चालन गरि सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा एम्बुलेन्स सन्चालक समितिले सम्बन्धित पक्षहरुसंग छलफल गरि समाधान गर्नेछ ।

२.एम्बुलेन्स सन्चालक समितिले समाधान गर्न नसकेको विवादहरु नगर कार्यपालिकाको वोर्डको निर्णयबाट समाधान गरिनेछ ।

१३. भाडामा दिन सकिने :

१.नगरपालिकाले कुनै व्यक्ति वा संस्थालाई एम्बुलेन्स सन्चालन गर्न दिन उपयुक्त देखिएमा एम्बुलेन्स संचालन समितिको सिफारिस गरेको अवस्थामा नगर कार्यपालिकाको वोर्ड बैठकको निर्णय गरि एम्बुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ ।

## अनुसुची १

### निर्देशिकाको ७ को उपदफा ८ सँग सम्बन्धित

| क्र.म. | मिति | ठाँउ | | दुरी कि.मी. | | जम्मा दुरी | सेवा शुल्क | इन्धन | विरामीको नाम | कुरुवाको नाम | ठेगाना | विरामीको प्रकृति | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | शुरु | अन्तिम | | | डिजेल | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

CamScanner

अनुसुची २

निर्देशिकाको ७ को उपदफा ८ सँग सम्बन्धित

| क्र.म. | स्थान देखि | स्थान सम्म | स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|---|
| १. | बलवा | जलेश्वर | रू.१२००।- | |
| २. | बलवा | जनकपुर | रू.१२००।- | |
| ३. | बलवा | काठमान्डौं | रू.७५००।- | |
| ४. | बलवा | विराटनगर | रू.५०००।- | |
| ५. | बलवा | चितवन | रु.५०००।- | |
| ६. | बलवा | धरान | रु.५०००।- | |

एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फारम गरी विरामी लैजानु अगावै कार्यालयमा वुझाउनु पर्नेछ।

क. कच्ची सडक छोटो दुरी प्रति कि.मी. – रु.२००।–

ख. पक्की सडक छोटो दुरी प्रति कि.मी. – रु.२००।–

ग. सिलिण्डर अक्सिजन प्रति घण्टा – रु.१००।–

घ. भारत जाँदा प्रति कि.मि. – रू१००।–

ङ. सुत्केरी सेवाको लागी घरवाट पालिका भित्रका स्वास्थ्य संस्थामा पुर्याउनको लागि भाडा रु. २०० मात्र तिर्नुपर्दछ।

CamScanner

## अनुसुची ३

## निर्देशिकाको दफा ७ को उपदफा ७ सँग सम्बन्धि

## (एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता)

१. एम्बुलेन्स संचालन निर्देशिका, २०८१ लाई पूर्णतः पालना गर्नुपर्ने
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधैं सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफैंले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथै आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
७. कुनै पनि विरामीलाई ओसारपसार गर्नु अघि उसका वारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. विरामीलाई बिच वाटोमा अलपत्र हुने गरी छाड्न नहुने,
९. आफ्नो कामको सिलसिलमा पाएको कुनै सुचना गोप्य राखुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना वारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्त पुर्याउने,
११. आफुले उचित देखेका बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरीवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने। प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयं सजायको भागेदारी हुनेछ,

म............................ठेगाना..............................ना.प्र.न. नं.......................जारी मिति ..........................ड्राइभिङ लाइसेन्स नं........................... जारी मिति ........................ ले माथि उल्लेखित आचार संहिता अध्ययन गरेको छु। महोत्तरी जिल्ला वलवा नगरपालिकाको

मा। फी

CamScanner

एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु,

| | |
|---|---|
| चालकको | रोहवरमा प्रमाणित गर्ने व्तक्तिको: |
| दस्खतः- | दस्खतः- |
| नामः- | नामः- |
| मिति - | पदः- |
| | मितिः- |

कार्यालयको छाप

CamScanner

## अनुसुची ४

### "गा" वर्गको (common life support) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First aid का समानहरु
- Oxygen cylinder, flow meter/ mask जडित वा जरुरी परेमा राख्न सकिने साधन
- IV injection दिन सक्ने व्यवस्था
- Stretcher cum Board
- Stethoscope, BP apparatus, torchlight
- Driver with basic training in first aid & emergent medicine